# वित्तीय जानकारी इकाई र राजश्व अनुसन्धान विभाग बीच सूचना आदानप्रदान तथा गोपनियता सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर

वित्तीय जानकारी इकाई र राजश्व अनुसन्धान विभाग बीच मिति २०७८ साल फागुन महिना १२ गते सूचना आदानप्रदान तथा गोपनियता सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ । इकाईको तर्फबाट इकाईका प्रमुख/निर्देशक दीर्घ बहादुर रावल तथा विभागको तर्फबाट महानिर्देशक प्रकाश पौडेलले उक्त समझदारी पत्रमा हस्ताक्षर गर्नुभएको थियो ।



विभागको सभाकक्षमा भएको उक्त कार्यक्रममा इकाईका तर्फबाट उप-निर्देशक अस्मिता गोर्खाली, उप-निर्देशक स्वरुप श्रेष्ठ, सहायक निर्देशक सत्येन्द्रमणि त्रिपाठी, सहायक निर्देशक स्वेच्छा घिमिरे र विभागका तर्फबाट उप-महानिर्देशक टंक प्रसाद पाण्डेय, निर्देशकहरु तथा शाखा अधिकृतहरुको उपस्थिती रहेको थियो । इकाईले सम्प्रेषण गरेको सूचनामा भएको प्रगति सम्बन्धी विभागले पृष्ठपोषण दिने, इकाईले सम्प्रेषण गरेको सूचनाको गोपनियता कायम गर्ने, विभागले इकाईसँग अनुसन्धानको लागि आवश्यक सूचना माग गर्न सक्ने र सो सम्बन्धमा इकाईसँग भएका सूचना वा विदेशी समकक्षीसँग मागेका सूचना विभागलाई उपलब्ध गराउने, सूचना आदानप्रदान goAML प्रणालीमार्फत गर्ने लगायतको विषयहरु उक्त समझदारी पत्रले समेटेको छ ।

सोही क्रममा इकाईबाट सम्प्रेषित सूचनालाई प्रभावकारी रुपमा अनुसन्धानमा प्रयोग गर्ने सम्बन्धमा इकाई र विभागका बीच छलफल भएको थियो । इकाई र विभाग बीच आगामी दिनमा सहकार्य र समन्वय गर्दै जाने प्रतिवद्धता सहित कार्यक्रम समापन भएको थियो ।